मिति २०८३/०२/३० गतेको कार्यपालिका बैठकका निर्णयहरु

**निर्णय नं. १**

सैनमैना नगरपालिकाको आ.व. २०८३/२०८४ को नीति तथा कार्यक्रम सम्वन्धमा छलफल गरियो। उक्त नीति तथा कार्यक्रमलाई मिति २०८३/०२/३१ गते वस्ने नगर सभाको नबौ अधिवेशनको प्रथम बैठकमा नगर प्रमुखबाट पेश गर्ने निर्णय गरियो ।

**निर्णय नं. २**

सैनामैना नगरपालिका वडा नं. मा अवस्थित सामुदायिक विद्यालय कोटियादेवि माध्यमिक विद्यालयको कक्षा थपको लागि भूलवस संस्थागत विद्यालयको कक्षा थप गर्न लाग्ने रकम रु.१००००।– दश हजार वरावरको रकम श्री कोटियादेवी माध्यमिक विद्यालयका प्रधानाध्यापक श्री रमेश भुसालबाट क्यूआर मार्फत भुक्तानी भएकोले सामूदायिक विद्यालयको कक्षा थपमा शुल्क नलाग्ने भएकोले उक्त रकम फिर्ता गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

सैनामैना नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण गर्नका लागि मिति २०८३/०१/१० को कार्यपालिकाको बैठकबाट सहमति प्रदान गरिएकोमा नगरपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण समितिबाट तयार भएको प्रतिवेदनलाई स्वीकृत गरी सोही बमोजिम संगठन संरचना र दरवन्दी कायम गर्न सहमतिका लागि लुम्विनी प्रदेश सरकार, मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाउने निर्णय गरियो।

खगेन्द्र प्रसाद शर्मा
नगर प्रमुख

CamScanner